# हज्जको नक्सा

अनुवादकः

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधकः

मुहम्मद इदरीस सलफी

# خريطة الحج

ترجمة

عتيق الرحمن محمد إدريس خان مكي

المراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

To connect translator: 0501372254
للتواصل مع المترجم: 0501372254
अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल    सन् २०१६ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

## पुस्तक पाइने ठेगाना -:

□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गऱ्यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजा र हरामबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त

साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका हज्जको बारेमा छ यसको अनुवाद गर्ने कार्यमा प्रोत्साहित गर्ने हाम्रा केही शुभचिन्तक जुन हज्ज मेप वेबसाइटमा कार्यरत छन्ले गरेका हुन्, र उनीहरूले नै मलाई यसको अनुवाद गर्ने कार्यतिर ध्यानाकर्षण गराए अनि मैले अल्लाहको सहायताले यस कार्यलाई कुशलता पूर्वक पूर्ण गरें । म आफ्ना ती शुभचिन्तकहरूको आभारी छु र ती समस्त मान्छेहरूको पनि जिनले मलाई यस कार्यमा सहायता गरे । मैले यस किताबको अनुवाद यस आशाको साथ गरेको छु कि यसबाट विशेषरूपले हाम्रा नेपाली हाजीहरू र अन्य दाजुभाइहरूलाई लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई पनि लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजमा प्रचलित हजप्रति जुन विकारयुक्त कुरा र कार्यहरू छन् त्यसलाई सुधार्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)

**<u>अनुवादक</u>**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

## (क) स्थानिक मीकातहरू :

- **जुल्हुलैफा नामक मीकात (आबारे अली)** : यो मीकात मदीना बासीहरूको लागि हो, र यो मीकात मक्काबाट ४२७ कि.मी. टाढा छ ।

- **जुहफा नामक मीकात (राबिग)** : यो शाम र मग्रिब एवं मिस्र बासीहरूको मीकात हो, र यो मक्काबाट २०४ कि.मी. टाढा छ ।

- **कर्नुल मनाजिल नामक मीकात (सैलुल कबीर)** : यो नज्द बासीहरूको मीकात हो, र यो मक्काबाट ९४ कि.मी. टाढा छ ।

- **जाते इर्क नामक मीकात** : यो इराक बासीहरूको मीकात हो, र यो मक्काबाट ९८ कि.मी. टाढा छ ।

- र ती समस्त मानिसहरू जुन उपरोक्तमा वर्णित देशहरूका बासी बाहेक छन् ती मानिसहरू

यदि हज्ज अथवा उमराको नीयतले यी मीकातहरूबाट गुज्रन्छन् भने उनीहरूको लागि त्यहाँबाट एहराम लगाउनु जायज छ। यसर्थ मक्का आउने नीयत गरेको मान्छे जुन सुकै मीकातबाट गुज्रदा एहराम लगाइहालोस्, र जुन व्यक्ति बिना एहराम लगाइकन् मीकातबाट गुज्रयो त्यसलाई चाहियो कि मीकात फर्केर जाओस् अनि त्यहाँबाट एहराम लगाएर आओस्। र यदि त्यो यस्तो गर्दैन भने त्यसमाथि एक बाख्रा वा ऊँट अथवा गाइको सातौं भाग बलि गरेर त्यसको मासु मक्काका दरिद्रहरूमा वितरण गर्नु अनिवार्य भइहाल्छ।

□ र जुन मीकातभित्र बास गरिरहेका छन् वा मीकात बासीहरू बाहेकका मानिसहरू हुन्, वा मक्काबासीहरू, त यदि कुनै यस्तो मान्छे छ जुन मीकात पार गरे पश्चात हज्ज अथवा उमराको मन बनायो र त्यो अहिले हरमको सीमाहरूबाट बाहिर नै छ त त्यसले जहाँ हज्ज अथवा उमरा गर्ने मन बनाएको छ त्यतैबाट एहराम लगाओस्। र जुन हरमको सीमाभित्र छ त्यो हरमको कुनै नकिटको सीमा बाहिर गई जसरी तनईम जुनकि हरमबाट ६

कि.मी. को दूरीमा छ, र जेइर्राना जुनकि १६ कि.मी. को दूरीमा छ ... र यस बाहेकका कुनै ठाउँमा गएर त्यहाँबाट एहराम लगाओस् ।

र जुन मानिस मीकातको वरिपरि अथवा समान ठाउँबाट समुन्द्री बाटोद्वारा वा वायुमण्डलद्वारा (हवाई जहाजद्वारा) आउँछ, त त्यसलाई चाहियो कि मीकातको समान स्थानमा पुग्नुभन्दा अघि नै स्नान गरेर सुगन्ध आदि लगाएर एहराम लगाई तयार रहोस्, अनि जब त्यो मीकातको नकिट वा समान स्थानबाट गुज्रन लागोस् त तल्बिया भन्दै नीयत गरिहालोस् ।

मान्छेको लागि सुन्नत यो छ कि जब त्यो मीकातमा पुगोस् त स्वच्छता प्राप्त गरोस् (नङ्ग काटोस्, फोहोरलाई सफा गरोस्) र स्नान गरेर आफ्नो शरीर दाह्री र टाउकोमा सुगन्ध प्रयोग गरोस्, अनि पुरुषमान्छे आफ्नो एहराम लगाओस् जुनकि (सेतो) च्यादर र लुंगी हो, तर एहराममा सुगन्ध प्रयोग नगरोस् । र रह्यो महिलाको कुरो त त्यसको लागि सुन्नत यो छ कि जब त्यो मीकातमा

पुगोस् त स्वच्छता प्राप्त गरोस् अनि स्नान गरोस् चाहे त्यो रजस्वला र सुत्केरीको अवस्थामा किन नहोस्, अनि जुन सामान्य लुगा मन परोस् त्यसलाई लगाओस् जुनकि त्यसको पूर्ण परदा गर्नेवाला हुनुको साथै श्रृंगारयुक्त नहोस्, बरु त्यसको समस्त शरीरलाई छोपेको साधारण लुगा होस्, र अपरिचित (अजनबी- गैर मुहरिम) मानिसहरूको उपस्थितिमा टाउकोको चुन्नीबाट आफ्नो अनुहारको परदा गरोस् ।

**(ख)** सुन्नत यो छ कि एहराम नमाज पश्चात लगाइयोस्, चाहे त्यो अनिवार्य नमाज होस् वा नफिली, जसरी चाश्तको नमाज वा वजूको सुन्नत ... आदि ।

**(ग)** यो अनिवार्य छ कि हज्ज गर्ने वा उमरा गर्ने इच्छुक मान्छे त्यसको नीयत गरोस्, त यदि त्यो हज्ज गर्ने इच्छुक छ भने त्यो हज्जका थरीहरूमध्ये कुनै थरीलाई चयन गरोस्, र हज्जका थरीहरूलाई अगाडि वर्णन गरिन्छ, र यदि मात्र उमराको मन बनाएको छ भने भनोस्: “लब्बैक

उमरतन्" हे अल्लाह मैले उमरा गर्ने नीयत गरें वा हे अल्लाह म उमरा गर्न चाहन्छु।

## हज्जका थरीहरू

**पहिलो: हज्जे तमत्तुअ् :** र यो थरी हज्जका समस्त थरीहरूमध्ये सर्वश्रेष्ठ छ। त जसले यस थरीलाई रोज्यो त्यसमाथि अनिवार्य छ कि त्यो पहिला मात्र उमराको नीयत गरी हज्जका महिनाहरूमा एहराम लगाओस्, र हज्जका महिनाहरू यी हुन्: शौवाल, जिल्कअ्दा, जिल्हिज्जाका आरम्भिक ९ दिनहरू। त मीकातमा पुगे पश्चात मान्छे भनोस्: "लब्बैक उमरतन्" अनि जब उमरा सम्पन्न गरेर एहरामको बन्देजबाट हलाल (मुक्त) भइहालोस्, त यसै साल हज्ज पनि गरोस् । र जसले पनि यस थरीलाई गर्ने मन बनाएको छ त्यसलाई कुर्बानीको दिन वा तश्रीकका दिनहरूमा (हदिय्) हज्जको लागि बलि गर्ने जनावर जब्ह गर्नु पर्नेछ ।

□ **दोस्रोः हज्जे किरान् :** जुन व्यक्ति यस थरीलाई रोज्दछ त्यसमाथि यो अनिवार्य छ कि त्यो हज्ज र उमरा दुवैको नीयत एकैसाथ गरोस् यसर्थ त्यो मीकातमा पुगे पश्चात भनोस्: "लब्बैक हज्जन् व उमरतन्" अनि जब त्यो मक्कामा प्रवेश गरोस् त त्यसको लागि सुन्नत यो छ कि तवाफे कुदूम गरोस्, (मक्कामा प्रवेश गरे पश्चात जुन पहिलो तवाफ (परिक्रमा) गरिन्छ त्यसलाई तवाफे कुदूम भनिन्छ) अनि यदि चाहोस् त हज्जको सई (सफा मरवा पर्वत बीचको दौड) पनि गरोस्, र यदि चाहोस् त दश जिल्हिज्जासम्मको लागि यस सईलाई अवलम्बित गरोस्, अर्थात यी दुवै तरिकाले गर्नुमा त्यसलाई स्वतन्त्रता प्राप्त छ । तर सुन्नत यो नै छ कि त्यो यस सईलाई तवाफे कुदूम पश्चात नै गरिहालोस्, अनि जब यति कार्य गरिसकोस् त आफ्नो एहराममा बाँकी नै रहोस् अर्थात नत कपाल काटोस् वा खौराओस् नत एहराम नै फुकालोस्, बरु यसै अवस्थामा हज्ज गर्ने समस्त पावन स्थानहरूमा गई आफ्नो हज्जलाई पूर्ण गरोस् । र जुन मान्छे पनि यस थरीलाई

रोजेको हुन्छ त्यसलाई पनि कुर्बानीको दिन वा तश्रीकका दिनहरूमा एक जनावर बलि गर्नुपर्छ।

☐ **तेस्रो: हज्जे इफ्राद :** जुन व्यक्ति यस थरीलाई रोज्दछ त्यसमाथि अनिवार्य यो छ कि मात्र हज्जको लागि एहराम लगाओस्, र यस मान्छेमाथि बलि गर्नु आवश्यक छैन, यसर्थ यो मान्छे मीकातमा पुगे पश्चात भनोस्: "लब्बैक हज्जन्" अनि जब त्यो मक्कामा प्रवेश गरोस् त त्यसको लागि सुन्नत यो छ कि त्यो तवाफे कुदूम गरोस्, अनि यदि चाहोस् त हज्जको सई पनि गरोस्, र यदि चाहोस् त दश जिल्हिज्जासम्मको लागि यस सईलाई अवलम्बित गरोस्, तर सुन्नत यो नै छ कि त्यो यस सईलाई तवाफे कुदूम पश्चात नै गरिहालोस्, अनि जब यति कार्य गरिसकोस् त आफ्नो एहराममा बाँकी नै रहोस् अर्थात नत कपाल काटोस् वा खौराओस् नत एहराम नै फुकालोस्, बरु यसै अवस्थामा (मशायर) हज्ज गर्ने समस्त पावन स्थानहरूमा गई आफ्नो हज्जलाई पूर्ण र सम्पन्न गरोस्।

- जब कुनै व्यक्तिलाई यो भय होस् कि कुनै बाध्यता वा करणवश त्यो हज्ज पूर्ण गर्न सक्दैन त त्यसको लागि यो जायज छ कि त्यो नीयतगर्दा यो र्शत लगाओस् कि: "यदि मलाई कुनै कुराले कतै बाध्य गरिदियो भने म त्यतै हलाल भइहाल्छु जता मलाई बाध्य गरिन्छ", त यदि त्यसलाई वास्तवमा कुनै कुराले हज्ज पूर्ण गर्नुबाट बाध्य गरिदियो भने त्यसमाथि कुनै दण्ड र दोष लाग्दैन ।

**(घ)** जब मान्छेले तल्बिया भन्यो त अब त्यो मुहरिम (एहरामको अवस्थामा) भयो, यसर्थ अब त्यसको लागि एहरामका निषेधित कुराहरू गर्नु हराम भयो यहाँसम्म कि त्यो हज्जलाई पूर्ण गरोस् र एहरामका बन्देजहरूबाट मुक्त भइहालोस् ।

## एहरामका निषेधित कुराहरू (बन्देजहरू)

- नङ्ग वा बाल (कपाल) आदि काट्नु ।
- कुनै प्रकारको पनि सुगन्ध प्रयोग गर्नु ।

□ महिलालाई स्वयम्को लागि वा कसै अरुको लागि विवाहको प्रस्तावना दिनु वा विवाह गर्नु वा गराउनु, वा सम्भोग गर्नु वा त्यसका आरम्भिक कुराहरू गर्नु ।

□ सिलेको कपडा लुगा त्यसरी नै लगाउनु जसरी लगाउने उद्देश्यले त्यसलाई सिलिएको छ, जसरी कमीच, सिरवाल, मोजा ... आदि ।

□ टाउकोलाई त्यसलाई स्पर्श गरेका कुराहरूद्वारा छोप्नु, जसरी पगडी... आदिद्वारा, तर छाताद्वारा वा कुनै सरसामान टाउकोमा बोक्नेले कुनै दोष लाग्दैन ।

□ महिलाले दस्ताना लगाउनु अथवा नकाब र बुर्काद्वारा आफ्नो अनुहारलाई छोप्नु, तर अपरिचित मान्छेको उपस्थितिमा चुन्नीद्वारा अनुहारको पनि परदा गर्नु अनिवार्य छ ।

□ पुरुषमान्छेको लागि सुन्नत यो छ कि त्यो अधिकभन्दा अधिक तल्बिया भनोस्, र

तल्बियाभन्दा आफ्नो स्वरलाई उच्च गरोस्, र तल्बियाका शब्द यी हुन्:

لبيك أللهم لبيك, لبيك لاشريك لك لبيك, إن الحمد والنعمة لك والملك لاشريك لك

"लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक लाशरीका लका लब्बैक, इन्नल् हम्दा वन्नेअ्मता लका वल्मुल्का लाशरीका लक्"

अर्थ: म हाजिर छु हे अल्लाह म हाजिर छु, म हाजिर छु हे अल्लाह तिम्रो कोही साझीदार छैन म हाजिर छु, निःसन्देह समस्त प्रकारका प्रशंसाहरू र अनुकम्पाहरू र सत्ताहरू तिम्रै लागि छन् तिम्रो कोही साझीदार र सहभागी छैन ।

तर महिलाको लागि सुन्नत यो छ कि त्यो तल्बिया भन्दाखेरि आफ्नो स्वरलाई मसिनो राखोस् कि त्यसको छेउमा भएकी महिलाहरू मात्र सुन्नसकुन् ।

**(1)** एहराम लगाए वित्तिकै मान्छे तल्बिया भन्न आरम्भ गरोस्, र तवाफ आरम्भ गर्ने समयसम्म भन्दै रहोस् ।

**(2)** **तवाफ :** र तवाफ गर्ने तरिका निम्न हो:

- पहिला मान्छे हज्रे अस्वाद (कालो ढुंगा) सम्म जाओस्, ताकि त्यहाँबाट आफ्नो तवाफको आरम्भ गरोस्, अनि त्यसलाई चुमोस्, तर यदि चुम्नु सम्भव नहोस् त आफ्नो दायाँ हातले त्यसलाई स्पर्श गरेर हातलाई चुमोस्, तर यदि यस्तो गर्नु पनि सम्भव नहोस् त आफ्नो दायाँ हातले त्यसलाई संकेत गरोस् तर संकेत गरे पश्चात हातलाई नचुमोस्, र अल्लाहु अक्बर भनोस्, र यस ठाउँमा भीड र हूल गरेर अरुलाई कष्ट पुऱ्याउनु जायज छैन ।

- हज्जे तमत्तुअ् गर्ने मान्छेको लागि उमराको तवाफको, र हज्जे किरान् र इफ्राद गर्ने मान्छेको लागि तवाफे कुदूमको सातवटै चक्रमा इज्तेबाअ् गर्नु सुन्नत हो । र इज्तेबाअ् गर्ने तरिका

यो हो कि मान्छे च्यादरको मध्यभागलाई आफ्नो दायाँ काँखामुनि गरेर च्यादरका दुवै किनारालाई देब्रे काँधामाथि हालोस् ।

 उमराको तवाफमा वा तवाफे कुदूममा तवाफका आरम्भिक तीन चक्रमा रमल गर्नु सुन्नत हो, र रमल गर्ने तरिका यो हो कि मान्छे पाइलालाई नजिक नजिक गरेर तीव्रताले हिंडोस् । र रह्यो महिलाको कुरा त त्यो समस्त चक्रहरूमा सामान्य चाल चलोस्, त्यसलाई रमल गर्नु उचित छैन ।

 र जब मान्छे रुक्ने यमानी (यमनी कुना) सम्म पुगोस् त सुन्नत यो छ कि त्यसलाई बिना चुमिकन् स्पर्श गरोस्, र यदि त्यसलाई स्पर्श गर्नु सम्भव नहोस् त त्यसलाई संकेत नगरोस्, र रुक्ने यमानी र हज्रे अस्वद बीच अल्लाहको यस कथनको पाठ गरोस्:

﴿ رَبَّنَآ ءَاتِنَا فِي ٱلدُّنۡيَا حَسَنَةٗ وَفِي ٱلۡأٓخِرَةِ حَسَنَةٗ وَقِنَا عَذَابَ ٱلنَّارِ ٢٠١ ﴾ البقرة: ٢٠١

रब्बना आतिना फिद्दुनिया हसनतौं वफिल् आखिरति हसनतौं वकेना अजाबन्नार ।

अर्थः हे पालनकर्ता ! हामीलाई संसारमा पनि भलाई प्रदान गर, र आखिरतमा (परलोकमा) पनि पुण्य प्रदान गर र नर्कको कष्टबाट रक्षा गर्नु । ( सूरतुल् बकरः २०१ )

□ मान्छे बैतुल्लाहको सात चक्र परिक्रमा गरोस् र त्यसमा जे चाहोस् दुआ गरोस् वा अल्लाहको महिमा गान र गुणगान गरोस् वा कुरआनको पाठन गरोस्, तर आफ्नो स्वरलाई उच्च नगरोस् ताकि आफ्नो स्वरद्वारा अरु मुसलमानहरूलाई कष्टमा नपरारोस् । अनि जब सात चक्र पूर्ण गरिहालोस् र हज्रे अस्वदसम्म पुगोस्, त तक्बीर भनेर मुकामे इब्राहीमतिर

प्रस्थान गरोस् यस्तो अवस्थामा कि त्यो अल्लाहको यस कथनलाई पाठ गरिरहेको होस्:

﴿ وَٱتَّخِذُواْ مِن مَّقَامِ إِبۡرَٰهِـۧمَ مُصَلًّىۖ ﴾ البقرة: ١٢٥

अर्थ: र इब्राहीमले उभेको स्थानलाई नमाज पढ्ने ठाउँ बनाउनु। (सूरतुल् बकर: १२५ )

अनि मुकामे इब्राहीम पछाडि दुई रक्अत नमाज पढोस् यदि त्यहाँ नमाज पढ्नु सम्भव होस्, नत्र मस्जिदे हरामको कुनै ठाउँमा नमाज पढोस् यस्तो अवस्थामा कि त्यो आफ्नो काँधालाई छोपेको होस्, र यस नमाजको पहिलो रक्अतमा सुरतुल् फातिहा पश्चात सूरतुल् काफिरून् र दोस्रो रक्अतमा सूरतुल फातिहा पश्चात सूरतुल् इख्लासको पाठन गरोस् ।

**(3) सई :** र सई गर्ने तरिका निम्न हो:

□ अनि मुहरिम (एहराम लगाएको मान्छे) सई गर्ने ठाउँ अर्थात मस्आतिर जाओस्, र जब

सफा पर्वतसित निकट भइहालोस् त अल्लाहको यस कथनलाई पढोस्:

﴿ إِنَّ ٱلصَّفَا وَٱلْمَرْوَةَ مِن شَعَآئِرِ ٱللَّهِ فَمَنْ حَجَّ ٱلْبَيْتَ أَوِ ٱعْتَمَرَ فَلَا جُنَاحَ عَلَيْهِ أَن يَطَّوَّفَ بِهِمَا وَمَن تَطَوَّعَ خَيْرًا فَإِنَّ ٱللَّهَ شَاكِرٌ عَلِيمٌ ﴿١٥٨﴾ ﴾ البقرة: ١٥٨

अर्थ : (नि:सन्देह) सफा र मरवा (पर्वत) अल्लाहका निशानी मध्येका हुन् । यसर्थ जुन मानिसले खानए-कअ्बाको हज अथवा उमरा गर्दछ उसले दुवैको परिक्रमा गर्नुमा कुनै पाप हुँदैन । र आफ्नो स्वेच्छाले जो भलो गर्दछ, त अल्लाह कदर गर्नेवाला र राम्ररी जान्नेवाला छ । ( सूरतुल् बकर: १५८ )

र भनोस्: “म त्यसद्वारा आरम्भ गर्दछु जसद्वारा अल्लाहले आरम्भ गऱ्यो” र यसलाई मात्र पहिलो चक्र (दौड) अघि एक चोटि भनोस् ।

र सुन्नत यो छ कि यदि सम्भव होस् भने सफा पर्वतमाथि चढोस्, र किब्लातिर अनुहार गरेर तक्बीर भनोस्, अनि मान्छेलाई चाहियो कि याचना गर्दै भनोस्: "लाइलाहा इल्लल्लाहु वह्दहु लाशरीकलहु, लहुल् मुल्कु वलहुल् हम्दु वहुवा अला कुल्लि शैइन् कदीर, लाइलाहा इल्लल्लाहु वहदहु अन्जजा वअ्दहु वनसरा अब्दहु वहजेमल् अहजाबा वहदहु" ।

अर्थ: अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ त्यसको कोही साझीदार छैन, त्यसैको लागि समस्त सत्ता र प्रशंसाहरू छन् र त्यो प्रत्येक कुरामाथि सामर्थ्यवान छ, त्यस एकलो बाहेक कोही सत्य पूज्य छैन जसले आफ्नो अठोटलाई पूर्ण गऱ्यो र आफ्नो भक्तको सहायता गऱ्यो र समस्त समूहहरूलाई एकलै परास्त गऱ्यो ।

अनि जति सम्भव होस् हात उठाएर दुआ गरोस् र यसलाई तीन चोटि भनोस् र यदि यसभन्दा कममा नै यस कार्यलाई सम्पन्न गरोस् भने कुनै दोष छैन ।

 अनि सफाबाट झरेर मरवातिर प्रस्थान गरोस् दुआ याचना र गुणगान गर्दै, अनि जब दुवै संकेतक हरियो बत्तीसम्म पुगोस् त पुरुषमान्छे दुगुरोस्, तर महिला दुवै बत्ती बीच पनि सामान्य चाल नै चलोस् ।

 अनि जब मरवा पर्वतसम्म पुगोस् त सुन्नत यो छ कि त्यसमाथि पनि चढोस् अनि सफा पर्वतमा गरे झैं यता पनि गरोस्, अनि मरवाबाट झरेर सफातर्फ लागोस् सामान्य चाल चल्ने ठाउँमा सामान्य चाल चल्दै र दुगुर्ने ठाउँमा दुगुर्दै यहाँसम्म कि सफासम्म पुगोस्, अनि त्यस्तै गरोस् जसरी पहिलो पटक गरेको थियो, त यस्तै गरेर सात चक्र पूर्ण गरोस् । र सफा पर्वतबाट मरवा पर्वतसम्म एक चक्र भयो, र मरवादेखि सफासम्म आर्को चक्र भयो, यहाँसम्म कि सातौं चक्र मरवामा पूर्ण हुनेछ ।

**(4) कपाल कटाउनु वा खौराउनु :** हज्जे तमत्तुअ् गर्ने मान्छेमाथि अनिवार्य छ कि त्यो तवाफ र सई सम्पन्न गरे पश्चात आफ्नो कपाललाई खौराओस् वा कटाओस्, र यति गर्नासाथै आफ्नो

एहरामबाट हलाल भइहाल्छ अर्थात एहरामका बन्देजहरूबाट मुक्त भइहाल्छ, यसर्थ अब त्यसको लागि ती समस्त कार्यहरू गर्नु हलाल भए जुन एहराम लगाउनुको कारण हराम थिए, र यति गर्नाले हज्जे तमत्तुअ् गर्ने मान्छेको उमरा सम्पन्न भयो । र रह्यो कुरो हज्जे किरान् र इफ्राद गर्ने मान्छेको त त्यसको लागि यो जायज छैन कि त्यो तवाफे कुदूम र हज्जको सई गरे पश्चात आफ्नो कपाल खौराओस् वा कटाओस्, नत त्यो एहरामबाट नै मुक्त हुन्छ, बरु त्यो आफ्नो एहरामको अवस्थामा नै बाँकी रहन्छ यहाँसम्म कि दश जिल्हिज्जाको दिन ठूलो जमरहलाई कंकरी हानोस् । र कपाल कटाउने वा खौराउने तरिका यो हो कि मान्छे आफ्नो समस्त कपाललाई खौराओस् वा कटाओस्, र यो कदापि जायज छैन कि त्यो केही कपाललाई कटाओस् र केहीलाई त्यस्तै छाडिदेओस् । र रह्यो कुरो महिलाको त त्यो आफ्नो पूर्ण कपालको लटको माथिल्लो भागबाट औंलाको एक पोर बरोबर जति कपाल काटोस् ।

## □ आठौं दिन (८ जिल्हिज्जा) का कार्यहरू :

(5) र हज्जे किरान् र इफ्राद गर्ने मान्छेको लागि सुन्नत यो छ कि त्यो जिल्हिज्जाको आठ तारिखको दिन सूर्य ढल्कनुभन्दा अघि नै मिनातिर प्रस्थान गरोस्, र त्यहाँ ९ तारिखसम्म बसोस् । र हज्जे तमत्तुअ् गर्ने मान्छे जता बास बसेको छ अर्थात आफ्नो डेराबाट नै हज्जको एहराम लगाओस् यो भन्दै "लब्बैक हज्जन्" र मिनातिर प्रस्थान गरोस्, र तल्बिया भन्दै गरोस्: "लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक लाशरीका लका लब्बैक, इन्नल् हम्दा वन्नेअ्मता लका वल्मुल्का लाशरीका लक्" । र समस्त नमाजहरूलाई कस्र गरेर बिना जम्मा गरिकन् पढोस्, अर्थात चार रक्अतको नमाजलाई दुई रक्अत पढोस् ।

## □ नव्वौं दिन (९ जिल्हिज्जा) का कार्यहरू :

(6) हाजीको लागि सुन्नत यो छ कि ९ जिल्हिज्जाको विहानै सूर्य उदय भए पश्चात अरफातको लागि प्रस्थान गरोस् ।

(7) अनि यदि सम्भव होस् त सूर्य नढल्केसम्म नमेरह नामक स्थानमा रुकोस्, र त्यहाँ खुत्बा सुनोस्, अनि जुहर र अस्र नमाजलाई जुहराको समयमा नै जम्मा र कस्र गरेर पढोस्, र अरफामा सुन्नत यो छ कि यदि सम्भव होस् त मान्छे किब्लातिर अनुहार गरेर रोई रोई अल्लाहसित क्षमायाचना गरोस् र अल्लाहको गुणगान र महानताको बखान गरोस् र त्यसको महिमागानमा र प्रशंसा गर्नुमा व्यस्त रहोस् ।

(8) अरफाको दिन सूर्य अस्त भए पश्चात हाजी अरफाबाट मुजदलिफातिर श्रद्धा सदभाव र प्रशान्ति विनम्रताको साथ प्रस्थान गरोस् ।

(9) र हाजीको लागि यो पनि सुन्नत छ कि मुजदलिफा पुगे बित्तिकै मग्रिब र इशाको नमाज जम्मा र कस्र गरेर पढोस्, र यदि त्यसलाई यो आशंका होस् कि त्यो इशाको अन्तिम समयसम्म

मुजदलिफा पुग्न सक्दैन, त त्यो बाटोमा जता छ त्यतै अनिवार्यतया नमाज पढिहालोस् ।

**(10)** हाजीलाई यो रात्री मुजदलिफामा व्यतीत गर्नुपर्छ, र सुन्नत त यो छ कि त्यो फज्र नमाज पनि यतै पढोस्, तर कम्जोर र विरामी महिला पुरुष र बच्चाहरूको लागि र तिनीहरूको साथमा भएका मानिसहरूको लागि पनि यो जायज छ कि मध्य रात्री पश्चात (रात्रीको पहिलो आधा भाग बिते पश्चात) मुजदलिफाबाट मिनाको लागि प्रस्थान गरुन्, चाहे उनीहरूको साथमा भएका मानिसहरू सशक्त किन नहोउन ।

## दशौं दिन (१० जिल्हिज्जा) का कार्यहरू :

**(11)** यदि सम्भव होस् त हाजीको लागि सुन्नत यो छ कि त्यो फज्र नमाज पश्चात मश्अरुल् हराम (मुजदलिफामा एउटा विशेष स्थान) सम्म जाओस्, अनि त्यहाँ पुगरे जे मन परोस् अल्लाहसित याचना गरोस्, र यदि मश्अरुल्

हराम पुग्नु सम्भव नहोस् त जता छ त्यतै दुआ याचना गरोस्, अनि दश जिल्हिज्जाको सूर्य उदय हुनुभन्दा अघि नै मिनाको लागि प्रस्थान गरोस् ।

**(12)** र सुन्नत यो छ कि कुनै ठाउँबाट चना अथवा मटरको गेडा जति आकार भएको सातवटा कंकरी टिपेर राखोस्, र मुहस्सर नामक घाटी (पर्वत बीचको दैलो अथवा उपत्यका) बाट गुज्रदा तीव्र गतिले गुज्रनु पनि सुन्नत छ, र कंकरी नहान्नु समयसम्म तल्बिया पढ्दैरहनु पनि सुन्नत हो ।

**(13)** हाजी अल्लाहु अक्बर भन्दै जमरतुल् अक्बा (ठूलो जमरह) लाई एकपछि आर्को सात कंकरी हानोस् र प्रत्येक कंकरी हान्दा अल्लाहु अक्बर भन्दै रहोस्, र कंकरी हान्दा यो ध्यान राखोस् कि त्यसले हानेका समस्त कंकरी जमरहको वरिपरि बनेको इनार जस्तो हौजभित्र खसोस् ।

**(14)** र कुर्बानीको दिन हज्जे तमत्तुअ् र किरान् गर्ने मान्छे हदिय् (बलिको जनावर) लाई बलि गरोस्, र बलि गर्ने समय तश्रीकको तेस्रो दिनको सूर्य अस्त नहुन्जेलसम्म अर्थात १३

जिल्हिज्जाको सूर्य अस्त नहुन्जेलसम्म रहन्छ । र उचित त यो नै छ कि मान्छे आफ्नो बलिको जनावरलाई स्वयम् बलि गरोस्, तर यदि यस्तो गर्नु सम्भव छैन भने कुनै फर्क छैन, बरु कसैलाई आफ्नो वकील (अभिकर्ता) बनाएमा पनि पुग्दछ । र जससित बलि गर्ने सामर्थ्य नहोस् त्यो तीन दिन हज्जका दिनहरूमा र सात दिन आफ्नो बासस्थान वा देशमा पुगेपछि व्रत बसोस् ।

**(15)** अनि मान्छे आफ्नो कपाल खौराओस् अथवा कटाओस्, तर खौराउनु श्रेष्ठ छ, र महिला आफ्नो पूर्ण कपालका लटहरूबाट औंलाको एक पोर जति कपाल काटोस् ।

**(16)** अनि हाजी मस्जिदुल् हरामतिर प्रस्थान गरोस्, र तवाफे इफाजा (तवाफे जियारह) बिना रमल र इज्तेबाअ गरिकन् गरोस् उस्तै तरिकाले जसरी नं. (२) मा वर्णन गरिएको छ, र तवाफे इफाजालाई तश्रीकका दिनहरू पश्चात पनि गर्न सकिन्छ ।

(17) अनि सफा मरवा बीच सई गरोस्, र सई उस्तै तरिकाले गरोस् जसरी नं. (३) मा वर्णन गरिएको छ । तर यदि हाजी हज्जे किरान् अथवा इफ्राद गरिरहेको छ र त्यसले हज्जको सई तवाफे कुदूमको साथमा गरिसकेको छ त अब त्यसलाई सई गर्नु पर्दैन, तर यदि पहिला सई गरेको छैन भने तवाफे इफाजा पश्चात सई गर्नु अनिवार्य छ ।

□ जब हाजी यी कार्यहरूमध्ये (ठूलो जमरहलाई कंकरी हान्नु, कपाल कटाउनु वा खौराउनु, तवाफे इफाजा गर्नु) दुईलाई गरिसक्यो भने त्यसलाई पहिलो तहल्लुल (बन्देजमुक्ति) प्राप्त भयो, यसर्थ यस तहल्लुल पश्चात त्यसको लागि सुगन्ध प्रयोग गर्नु स्वच्छता प्राप्त गर्नु सुन्नत छ, र त्यसको लागि सिलेको लुगा लगाउनु पनि जायज भयो, र यस बाहेक जति कुराहरू पनि एहरामको कारण निषेधित थिए सबै हलाल भए महिलासित सहवास र त्यसका आरम्भिक कुराहरू गर्नु बाहेक, र जब हाजी उपरोक्तमा वर्णित तीनवटै कार्यहरूलाई गरेर सम्पन्न गऱ्यो त महिलासित सम्भोग गर्नु पनि हलाल भयो ।

□ हाजीको लागि १३, १४, १५, १६, १७ नम्बरमा वर्णित कार्यहरूलाई त्यस्तै क्रमिक गर्नु आवश्यक छैन बरु त्यो त्यसमा उलटफेर र अघिपछि पनि गर्न सक्छ ।

□ र तश्‍रीकका दिनहरूमा १० तारिखको जुहर नमाजदेखि १३ तारिखको अस्र नमाजसम्म प्रत्येक नमाज पश्चात निबन्धित तक्बीर भन्नु वैधानिक छ, यसर्थ हाजी यो तक्बीर भनोस्: “अल्लाहु अक्बर, अल्लाहु अक्बर, लाइलाहा इल्लल्लाह, वल्लाहु अक्बर, अल्लाहु अक्बर, वलिल्लाहिल् हम्द” । अर्थात अल्लाह महान छ, अल्लाह महान छ, अल्लाह बाहेक कोही सत्य पज्य छैन, र अल्लाह महान छ, अल्लाह महान छ, र अल्लाहकै लागि समस्त प्रकारका प्रशंसाहरू छन् ।

**(18)** हाजीमाथि यो अनिवार्य छ कि दश तारिखको दिन र तश्‍रीकका रात्रीहरूलाई मिनामा नै व्यतीत गरोस्, र समस्त नमाजहरूलाई बिना जम्मा गरिकन् कस्रको साथ पढोस् ।

## तश्रीकका दिनहरूका कार्यहरू:

**(19)** हाजीमाथि यो अनिवार्य छ कि तश्रीकका दिनहरूमा तीनौं जमरहहरूलाई प्रत्येक दिन सूर्य ढल्के पश्चात सात सातवटा कंकरी हानोस्, यसर्थ सानो जमरहद्वारा कंकरी हान्ने कार्यको आरम्भ गरोस्, र प्रत्येक कंकरी हान्दा अल्लाहु अक्बर भन्दै रहोस्, अनि सानो जमरहलाई कंकरी हानेर अलि अगाडि गएर दायाँतर्फ भइ रुकोस् र किब्लातिर अनुहार गरेर लामो समयसम्म अल्लाहसित याचना गरोस् ।

**(20)** अनि माध्य (बीच) को जमरहलाई सात कंकरी हानोस्, र प्रत्येक कंकरी हान्दा तक्बीर पनि भन्दै रहोस्, अनि यस जमरहलाई कंकरी हाने पश्चात पनि अलि अगाडि गएर देब्रेतरि भइ रुकोस्, अनि किब्लातिर अनुहार गरेर लामो समयसम्म अल्लाहसित याचना गरोस् ।

**(21)** अनि ठूलो जमरहलाई सात कंकरी हानोस्, र प्रत्येक कंकरी हान्दा तक्बीर पनि भन्दै

गरोस्, तर यस जमरहलाई कंकरी हाने पश्चात दुआ नगारेस् ।

(22) विलम्ब गर्ने मान्छे १३ तारिखको रात्री पनि मिनामा नै व्यतीत गरोस्, र जल्दी गर्ने मान्छे १२ तारिखको सूर्य अस्ताउनुभन्दा अघि नै मिनाबाट निस्किहालोस् नत्र त्यसलाई पनि १३ तारिखको रात्री मिनामा नै व्यतीत गर्नु पर्नेछ, त त्यो पनि विलम्ब गर्नेहरूमध्येको भइहाल्ने छ ।

(23) जब हाजी तश्रीकका दिनहरूका समस्त कार्यहरूलाई सम्पन्न गरिहालोस्, र मक्काबाट जाने मन बनाओस् त त्यसमाथि अनिवार्य छ कि त्यो तवाफे वदाअ् (बिदाइको तवाफ) गरोस् त्यस्तै तरिकाले जसरी (२) नम्बरमा वर्णन गरिएको छ, रजस्वला र सुत्केरीको अवस्थामा भएकी महिलाहरू बाहेक ।

र यति गरे पश्चात हज्ज पूर्णतया सम्पन्न भयो ।

## हज्जमा प्रचलित प्रसिद्ध त्रुटिहरू

## मीकातमा एहराम लगाउँदा गरिने त्रुटिहरू :

(1) हज्जको इच्छा रमख्ने मान्छेले बिना एहराम लगाइकन् मीकातबाट गुज्रनु ।

त यस्तो गर्ने मान्छेको लागि अनिवार्य छ कि त्यो पुनः फर्केर मीकात जाओस् र त्यहाँबाट एहराम लगाएर आओस्, तर यदि त्यहाँ फर्किजानु सम्भव नहोस् त जता छ त्यतैबाट एहराम लगाओस्, तर यस्तो गर्नाले त्यसले हज्जका अनिवार्य कार्यहरूमध्ये एउटालाई छाड्यो त यस्तो अवस्थामा त्यसमाथि एउटा बाख्रा वा ऊँट अथवा गाईको सातौं भाग बलि गरेर त्यसको मासुलाई मक्काका दरिद्रहरूमा वितरण गर्नु अनिवार्य भइहाल्छ ।

(2) केही मानिसहरूको यो गुमान र भ्रम कि जस एहरामको लुगालाई त्यसले मीकातमा लगाएको छ त्यसलाई परिवर्तन गर्नु जायज छैन चाहे त्यो अति फोहोर किन नभइहालोस् ।

☐ तर सत्य कुरो यो हो कि एहरामको लुगा फेरेर एहरामको आर्को लुगा लगाउनु महिला पुरुष दुवैको लागि जायज छ ।

**(3)** मीकातबाट गुज्रे पश्चात नै इज्तेबाअ् गरिहाल्नु ।

☐ तर यसबारे सत्य कुरो यो हो कि इज्तेबाअ् हज्जे तमत्तुअ् गर्ने मान्छेको उमरागर्दा वा हज्जे किरान् र इफ्राद गर्ने मान्छेको तवाफे कुदूम गर्दाखेरि मात्र गर्नु पर्छ ।

**(4)** रजस्वला र प्रसूतिको अवस्थामा भएकी महिलाहरूको मीकातबाट एहराम लगाउने कार्यलाई त्याग्नु यस भ्रममा कि एहराम लगाउनुको लागि यसबाट पवित्रता शर्त छ ।

☐ तर अनिवार्य यो छ कि त्यो पनि मीकातमा सबै मानिसहरू झैं एहरामको लुगा लगाओस्, र सबै हाजीहरू झैं त्यो सबै कार्य गरोस् जसलाई हाजीहरू गरिरहेका छन् मात्र तवाफ बाहेक, र त्यसको लागि यो आवश्यक छैन कि त्यो

एहराम लगाउनुको लागि तन्ईम... आदि जाओस् जबकि त्यसले मीकातबाट नै एहराम लगाएको होस् ।

### तवाफमा गरिने त्रुटिहरू :

**(1)** तवाफको आरम्भ गर्नुको लागि संकेतक चिन्ह निकट लामो समयसम्म उभिनु ।

 तर सही यो छ कि मान्छे हज्रे अस्वदतिर अनुहार गररे यदि त्यसलाई स्पर्श गर्न सक्छ भने स्पर्श गरोस् नत्र त्यसतर्फ संकेत गरेर तक्बीर भनोस्, र बिना उभिकन् अगाडि बढोस् ।

**(2)** (तवाफको) प्रत्येक चक्रलाई विशेष दुआहरूद्वारा विशिष्ट गर्नु, वा एउटा मानिस पछाडि सामूहिक तरिकाले ठूलो स्वरमा दुआ पढनु ।

 तर सत्य कुरो यो हो कि मान्छे तावाफमा जे मन परोस् दुआ गरोस् अथवा अल्लाहको महिमागान र त्यसको महानताको बखान गरोस् वा कुरआनको पाठन गरोस्, तर प्रत्येक

चक्रको लागि कुनै पनि विशिष्ट दुआ प्रमाणित छैन ।

(3) केही मानिसहरूको यो गुमान र भ्रम कि तवाफ पश्चातका दुई रक्अत मुकामे इब्राहीम पछाडि पढनु नै आवश्यक छ ।

□ तर सही कुरो यो हो कि यसलाई मस्जिदे हरामको कुनै पनि ठाउँमा पढन सकिन्छ, र यसलाई पढने सुन्नतीय तरिका यो हो कि मान्छे यसलाई लामो गरेर नपढोस् ।

## सईमा गरिने त्रुटिहरू :

□ अनभिज्ञताले गर्दा केही मानिसहरूद्वारा १४ चक्र सई गरिन्छ ।

□ जबकि चक्रलाई गणना गर्नुको सही तरिका यो हो कि सफाबाट मरवा जानुलाई एक चक्र, र त्यहाँबाट सफा फर्केर आउँनुलाई दोस्रो चक्र मान्नु, त यसरी गणनागर्दा सातौं चक्र मरवामा पूर्ण हुन्छ नकि सफामा ।

## आठौं दिन (तर्वियाको दिन) गरिने त्रुटिहरू :

(1) हज्जे तमत्तुअ् गर्ने मान्छेको यो धारणा कि हज्जको एहराम मस्जिदे हरामबाट लगाउनु आवश्यक छ ।

 तर सही कुरो यो हो कि त्यो हज्जको एहराम आफ्नो बासस्थान (डेरा) बाट नै लगाओस् चाहे त्यो मक्कामा होस् वा मिनामा ।

## नव्वौं दिन (अरफाको दिन) का त्रुटिहरू :

(1) रहमत नामक पर्वतमाथि चढ्नु यस भ्रममा कि यस्तो गर्नुमा कुनै श्रेष्ठता छ, र यो यस्तो प्रचलित बिदअत हो जसलाई अधिकांश हाजीहरू गर्छन् ।

 तर सही कुरो यो हो कि त्यस पर्वतमा चढनु वैधानिक छैन किनकि यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिमध्येको होइन ।

**(2)** सूर्य अस्ताउने समयसम्म अरफाको सीमाबाट बाहिर नै रहनु, अनि अरफामा बिना उभिकन् त्यतैबाट मुजदलिफा फर्किजानु ।

□ तर अनिवार्य त यो छ कि हाजी अरफाको सीमाभित्र रहोस्, र ती संकेतक चिन्हहरू (बोर्डहरू) लाई ध्यानमा राखि त्यसको भित्र नै उभोस् जुनकि अरफाको सीमालाई स्पष्ट पार्छन्, अनि सूर्य अस्ताए पश्चात मात्र अरफाको सीमाबाट निस्कोस् ।

## दशौं तारिखको रात्रीमा (मुज्दलिफामा) गरिने त्रुटिहरू :

**(1)** इशा र मग्रिब नमाज नपढिकन् कंकरी टिप्नुमा लाग्नु ।

□ तर सही कुरो यो हो कि पहिला मग्रिब र इशाको नमाज पढोस् । र रह्यो कुरो कंकरी टिप्नुको त कंकरी मुजदलिफा र त्यस बाहेक जताबाट पनि लिएमा पुग्छ ।

(2) फज्रको नमाजलाई त्यसको समयभन्दा अघि नै पढिहाल्नु ।

 तर अनिवार्य यो छ कि जबसम्म त्यसको समय हुने दृढ विश्वास वा यकिन नभइहालोस् तबसम्म नमाज नपढोस् ।

(3) कंकरीलाई पखाल्नु ।

 तर यस्तो गर्नु विदअत हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नु भएको छैन ।

## तश्रीकका दिनहरूमा गरिने त्रुटिहरू :

(1) कंकरी हान्दा जुत्ता चप्पल वा ठूलो ढुंगा प्रयोग गर्नु, वा जमरहलाई गाली गलोज गर्नु, र यस भ्रममा रहनु कि जमरह शैतान हो ।

 तर सही कुरो यो हो कि कंकरी हान्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नु र अल्लाहको भक्ति गर्नु हो, र यो कार्य अल्लाहको गुणगान गर्ने उद्देश्यले गरिन्छ ।

**(2)** कंकरी हान्नुमा सूक्ष्म भए पनि आर्को मानिसलाई कंकरी हान्नुको लागि वकील बनाउनु।

 तर अनिवार्य यो छ कि त्यो आफ्नो कंकरी आफै हानोस्, र अरु कसैलाई यस कार्यको लागि वकील नबनाओस् यस अवस्था बाहेक कि त्यो स्वयम् कंकरी हान्नुमा सामर्थ्यवान नहोस्।

**(3)** अकारण मिना बाहिर रात्री व्यतीत गर्नु।

 तर वास्तवमा अनिवार्य यो छ कि तश्रीकका रात्रीहरूलाई हाजी मिनामा नै व्यतीत गरोस्।

## तवाफे वदाअ्मा गरिने त्रुटिहरू :

 कंकरी हान्नुभन्दा अगावैं तवाफे वदाअ् गर्नु अनि कंकरी हान्नुको लागि पुन: मिना फर्केर आउनु।

□ तर अनिवार्य त यो छ कि मान्छे आफ्नो (मक्काको) अन्तिम कार्य तवाफे वदाअ्लाई नै बनाओस्, नकि कंकरी हान्नुलाई ।

## मदीनाको जियारतसित संलग्न त्रुटिहरू :

□ केही मानिसहरू यस गुमान र भ्रममा हुन्छन् कि मदीनाको जियारतको हज्जसँग सम्बन्ध छ । (अर्थात यो सोच्दछन् कि मदीनाको जियारत नगरिकन् हज्ज पूर्ण हुँदैन)

□ तर सत्य कुरो यो हो कि मदीना मुनव्वरहको जियारत गर्नु पूर्ण साल मुस्तहब ( उत्तम) छ, र यस जियारतको हज्जबाट कुनै सरोकार र सम्बन्ध छैन, यसर्थ यदि त्यसको जियारत गर्नुको सौभाग्य प्राप्त होस् भने नबी सल्लल्लाहो अलैहे वसल्लमको मस्जिदमा नमाज पढने उद्देश्यले त्यहाँ जानु सुन्नत हो, जसमा पढिएको नमाज मस्जिदे हराम बाहेकका अन्य समस्त मस्जिदहरूमा पढिएको नमाजबाट एक हजार (१०००) गुना श्रेष्ठ छ ।

 यसर्थ जब मुसलमान मान्छे मस्जिदे नब्वीसम्म पुगोस् त त्यसको लागि त्यो गर्नु नै उचित छ जुन अरु मस्जिदहरूमा प्रवेशगर्दा उचित हुन्छ, र त्यो कुरो हो कि: त्यो मस्जिदमा प्रवेशगर्दा आफ्नो दायाँ पाइलालाई अगाडि गरोस्, र भनोस्: "अल्लाहको नामबाट, र अल्लाहको प्रशान्ति र दया अवतरित होस् अल्लाहका रसूलमाथि, हे अल्लाह मेरो लागि आफ्नो दया कृपाको ढोका खोलिदेऊ", "महान अल्लाहको र त्यसको गरिमामय अनुहारको र त्यसको सदैंव रहीरहने सम्राटत्वको शरण चाहन्छु अभिशप्त शैतानबाट" ।

अनि दुई रक्अत तहैयतुल् मस्जिद (मस्जिद प्रवेशिका) पढोस् ।

 अनि यस पश्चात वैधानिक यो छ कि त्यो नबी सल्लल्लाहो अलैहे वसल्लम र उहाँका दुवै साथी हजरत अबू बक्र र हजरत उमरको चिहानहरूको जियारत गरोस्, र उनीलाई सलाम भनोस् र उनीहरूको लागि दुआ गरोस्, र भनोस्: "अस्सलामु अलैका या रसुलल्लाह वरमतुल्लाहे

वबरकातहु", अर्थात हे अल्लाहका रसूल तपाईंमाथि अल्लाहको प्रशान्ति र दया एवं कल्याण अवतरित होस् । र त्यो निम्नमा वर्णित दुआको अभिवृद्धि पनि गर्न सक्छः "अल्लाह तपाईंमाथि र तपाईंका घरपरिवार र साथीहरूमाथि दया गरोस्, र तपाईंलाई तपाईंका अनुयायीहरूको तर्फबाट राम्रो प्रतिफल प्रदान गरोस्, हे अल्लाह उहाँलाई स्वर्गमा उच्च स्थान र श्रेष्ठता प्रदान गर, र उहाँलाई त्यो अनुकम्पा प्रदान गर जसको वाचा गरेका छौ" । अनि सत्यवान अबू बक्र रजिअल्लाहो अन्होलाई सलाम गर्दै भनोस्: "हे अबू बक्र तपाईंमाथि अल्लाहको प्रशान्ति र दया एवं कल्याण अवतरित होस्, अल्लाह तपाईंबाट राजी होस् र तपाईंलाई मुहम्मदका अनुयायीहरूको तर्फबाट राम्रो प्रतिफल प्रदान गरोस्" । अनि हजरत उमर रजिअल्लाहो अन्होलाई पनि हजरत अबू बक्र झैं सलाम गरोस्, यिनी दुवैबाट अल्लाह राजी होस् ।

# दिशानिर्देशन र सुझावहरू

(1) सर्वप्रथम आफ्नो देश अथवा समूहका हाजीहरूको बासस्थानको बारेमा र हज्ज कमीटीको ठेगानको बारेमा र मशायर (मिना, मुज्दलिफा, र अरफा) मा आफ्नो खीमाको बारेमा जानकारी प्राप्त गर, र यदि सम्भव होस् त यी समस्तलाई एउटा कागजमा लेखेर राख ।

(2) तवाफगर्दा र सईगर्दा एवं कंकरी हान्दा हूल र भीडभाडको स्थानबाट टाढा रह, र भीडभाडको स्थानहरूमा मास्क लगाउने प्रयत्न गर ताकि कुनै सरुवा र घातक रोग लाग्ने सम्भावना कम भइहालोस् ।

(3) यो यादराख कि हज्जका कार्यहरूमा हतार गर्नाले तिमीलाई वा तिमी बाहेक अरु मानिसहरूलाई कष्ट पुग्न सक्छ ।

(4) मशायरमा हिंडडुलगर्दा सुरक्षाकर्मीहरूको आदेशको पालना गर, किनकि उनीहरू तिमीलाई सरल र सुगम मार्गतर्फ मार्गदर्शित गर्छन्, र

सकेसम्म पैदल हिंडनुको लागि मशायरमा पदयात्राको लागि बनाइएको मार्गलाई प्रयोगमा ल्याऊ, र गाडीहरूको लागि बनाइएको सुरँगहरूमा हिंडदा निसासिने जोखिमबाट सचेत रहनु ।

**(5)** र पावन मशायरका बाटो र सडकहरूमा र सुरँगहरूको मुहान र निष्कासन स्थानमा बस्नु सुत्नुबाट सतर्क रह किनकि यस्तो गर्नु ती प्रमुख कारणहरूमध्ये एक हो जसलेगर्दा हाजीहरूको आवतजावत र आवश्यक र सुविधाजनक यन्त्र र कुराहरूको ओसारपोसार गर्नुमा अडचन र बाध्यता उत्पन्न गर्छ ।

**(6)** तीर्थयात्रीको सुरक्षा सुविधाको लागि :

- सूर्यको ताप र घामबाट बाँच्नुको लागि छाताको प्रयोग गर ताकि सूर्यको तापबाट उत्पन्न हुने समस्त कष्टदायक कुराहरूबाट सुरक्षित रहन्सक ।

- तिर्खा नलागेको अवस्थामा पनि अधिकभन्दा अधिक पानीको सेवन गर ताकि

हज्जगर्दा तिम्रो शरीरमा पानीको कमीलेगर्दा कुनै कष्ट नबेहोर्नु परोस् ।

 आफ्नो हातलाई सदैंव साबुन आदिद्वारा पखाल्दैगर ताकि कुनै घातक र सरुवा रोग नलागोस् ।

 फोहोरलाई त्यसको विशिष्ट ठाउँमा फाल ।

 खीमाहरूमा आगो सलकाउनुबाट सावधान रह ।

# एहरामका निषेधित कुराहरूलाई गरेमा फिदिया (क्षतिपूर्ति) को हुकुम

**(1)** जसले जानीबुझिकन् एहरामका निषेधित कार्यहरूमध्ये कुनैलाई गऱ्यो जसरी कपाल खौरायो, वा नङ्ग काट्यो, वा सुगन्ध प्रयोग गऱ्यो, वा दस्ताना लगायो, वा आफ्नो टाउकोलाई छोप्यो वा पुरुषमान्छेले सिलेको लुगा लगायो, वा महिलालाई वासनाको साथ स्पर्श गऱ्यो, वा महिलाले नकाब लगायो .. , त यी समस्तमध्येबाट कसैलाई पनि गरेमा गर्ने मान्छेमाथि "फिदियतुल् अजा" अनिवार्य भइहाल्छ। अर्थात निम्नमा वर्णित तीन कुराहरूमध्ये एकलाई चयनगरी त्यसलाई अवश्य गर्नुपर्छ :

**(क)** तीन दिनको व्रत बस्नुपर्छ।

**(ख)** वा छवटा दरिद्रहरूलाई आधा आधा साअ् अर्थात लगभग १ किलो ५०० ग्राम जति खाद्यपर्दाथ प्रत्येक दरिद्रलाई दिनुपर्छ।

**(ग)** वा एक बाख्रालाई जब्ह गरेर मक्काका दरिद्रहरूमा वितरण गर्नुपर्छ।

तर जसले बिर्सेर वा अनभिज्ञताको कारण यस्तो गरेको छ भने त्यसलाई कुनै दोष लाग्दैन नत त्यसमाथि कुनै दण्ड अथवा क्षतिपूर्ति नै छ ।

**(2)** जसले हज्ज र उमराका अनिवार्य कार्यहरूमध्ये कसैलाई त्यागिदेओस् जसरी मीकातबाट एहराम लगाउनुलाई, वा कंकरी हान्नुलाई ... आदि, त त्यसमाथि यो अनिवार्य छ कि एउटा बाखा वा ऊँट अथवा गाईको सातौं भाग जब्ह गरेर त्यसको मासु हरमका दरिद्रहरूमा वितरण गरोस् ।

**(3)** पहिलो तहल्लुल अर्थात जुन कुराहरू हएरामको कारण निषेधित भएका थिए त्यसमध्ये सम्भोग र त्यसका आरम्भिक कुराहरू बाहेक समस्त हलाल भइहाल्छन्, जुन निम्नका तीन कुराहरूमध्ये दुईलाई गरे पश्चात प्राप्त हुन्छ र ती तीन कुराहरू यी हुन्: “ठूलो जमरहलाई कंकरी हान्नु, कपाल खौराउनु वा कटाउनु, र तवाफे इफाजा गर्नु” त जसले पनि यी तीनमध्ये दुईटालाई गर्नुभन्दा अघि नै आफ्नो स्वास्नीसित सम्भोग

गऱ्यो त त्यसको हज्ज भंग भयो, र त्यसमाथि निम्नका कुराहरू गर्नु आवश्यक छः

(1) आफ्नो यस हज्जलाई पूर्ण गरोस् ।

(2) एउटा ऊँटको बलि गरोस् ।

(3) आउनेवाला साल यस हज्जको कजा गरोस् ।

(4) प्रयाश्चित र क्षमायाचना गरोस् ।

र जसले पहिलो तहल्लुल पश्चात सम्भोग गऱ्यो त त्यसको हज्ज भंग हुँदैन, तर त्यसमाथि एउटा बाख्रा वा ऊँट अथवा गाईको सातौं भाग जब्ह गरेर त्यसको मासुलाई हरमका दरिद्रहरूमा वितरण गर्नु अनिवार्य भइहाल्छ ।

# कुरआन र हदीसबाट चयनयुक्त र प्रमाणित केही दुआहरू

हाजीको लागि उत्तम यो छ कि आफ्नो हज्ज गर्ने क्रममा दुआ, याचान, अल्लाहको गुणगान, भक्ति, स्तुति, र त्यसको महानताको वर्णन अधिकभन्दा अधिक गरोस्, र त्यसलाई जुन मन लागोस् दुआ गरोस्, र रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि अत्याधिक दरुद सलाम पठाओस्, र अल्लाहसित आफ्नो संसारिक र परलौकिक जीवनका हितकर कुराहरूको याचना गरोस् । र निम्नमा केही कुरआन र हदीसबाट प्रमाणित दुआहरू वर्णन गरिन्छ :

**(1)** हे पालनकर्ता ! हामीलाई संसारमा पनि भलाई प्रदान गर, र आखिरतमा (परलोकमा) पनि पुण्य प्रदान गर र नर्कको कष्टबाट रक्षा गर । ( सूरतुल् बकर: २०१ )

**(2)** हे अल्लाह मेरो धर्मलाई मेरो लागि कुशलतापूर्ण बनाइदेऊ जुनकि मेरो समस्त

कार्यहरूको सर्वेक्षक र सुसाधन हो, र मेरो संसारलाई मंगलमय बनाइदेऊ जसमा मलाई जीवन व्यतीत गर्नु छ, र मेरो परलौकिक जीवनलाई मंगलमय बनाइदेऊ जसमा मलाई फर्किजानु छ, र मेरो जीवनलाई भलाईमा अभिवृद्धिको माध्यम बनाइदेऊ, र मृत्युलाई समस्त कष्टहरूबाट मुक्तिको कारण ।

(3) हे अल्लाह म तिम्रो शरण चाहन्छु प्रकोपहरूको कष्टबाट, र बुराईको अन्तिम चरणसम्म पुग्नुबाट, र नराम्रो अन्त्यबाट, र शत्रुको ईर्ष्या र हाँसोबाट ।

(4) हे अल्लाह म तिम्रो शरण चाहन्छु व्याकुलता र शोकाकूलताबाट, र असमर्थता र सुस्तीबाट, र कञ्जूसी र कायरताबाट, र पाप र ॠणको भारी र मान्छेहरूको अधिपत्यबाट, र तिम्रो शरण चाहन्छु कुष्ठरोग र पागलपना र कोढरोगबाट र समस्त घातक रोगहरूबाट ।

(5) हे अल्लाह म यस संसारिक जीवन र परलौकिक जीवनमा कुशलता र क्षमाको याचना

गर्दछु, र हे अल्लाह म आफनो धर्म, संसार, र आफ्नो धनसम्पत्ति र परिवारमा तिमीसित दयाभाव र रक्षा कुशलताको विन्ती गर्दछु, हे अल्लाह मेरो गुप्त कुराहरूमाथि आवरण हालिदेऊ र मेरो व्याकुलतालाई सन्तुष्टिमा परिणत गरिदेऊ, र मलाई सुरक्षा प्रदान गर मेरो दायाँ, बायाँ, अगाडि, पछाडि र माथिबाट, र म तिम्रो महानताको शरण चाहन्छु यस कुराबाट कि मलाई तलबाट कुनै हानि पुऱ्याइयोस् ।

**(6)** हे अल्लाह मेरा त्रुटिहरू र मूर्खताहरूलाई, र सीमा अतिक्रमणहरूलाई र जसलाई तिमी मभन्दा अधिक जान्दछौ ती समस्तलाई क्षमा गरिदेऊ, हे अल्लाह मेरा जानेर गरिएका कुराहरू र हाँसोमा गरिएका कुराहरू र त्रुटिहरू र मेरा इच्छायुक्त त्रुटिहरू र जेजति मैले गरेको छु सबैलाई माफ गरिदेऊ, हे अल्लाह क्षमा गरिदेऊ ती समस्तलाई जसलाई मैले अघि वा पछि, जाहेर वा गोप्यमा गरें र जसको तिमी मभन्दा अधिक ज्ञानी छौं, तिमी नै अघि गर्नेवाला र पछि गर्नेवाला हौ, र तिमी प्रत्येक कुरामा सामर्थ्यवान छौं ।

**(7)** हे अल्लाह म तिमीसित याचना गर्दछु समस्त कुराहरूमा दृढताको, र सत्मार्गमाथि सुदृढ र कायम रहनुको, र तिमीसित तिम्रो आभार प्रकट गर्ने शक्ति र तिम्रो निष्ठायुक्त भक्ति गर्ने अवसरको अभिलाशी छु, र तिमीसित स्वच्छ हृदय, र सत्यवान जिब्रोको विन्ती गर्दछु, र विन्ती गर्दछु ती समस्त भलाईको जुन तिमीलाई थाहा छ, र तम्रिो शरण चाहन्छु ती समस्त कष्टहरूबाट जुन तिमीलाई ज्ञात छ, र ती समस्तबाट तिमीसित क्षमायाचना गर्दछु जुन मात्र तिमीलाई नै थाहा छ, तिमी त अदृश्य कुराहरूका परम् ज्ञानी हौ ।

**(8)** हे आकाशहरू, र धरतीहरू र महिमावान सिंहासनको प्रतिपालक अल्लाह, हाम्रो र समस्त थोकहरूको प्रतिपालक, दाना र गेडालाई च्यातेर उब्जाउनेवाला, तौरात र इन्जीललाई अवतरित गर्नेवाला, म तिम्रो शरण चाहन्छु समस्त हनिकारक कुराहरूबाट तिमी नै त्यसमा अधिपत्यशाली छौ, तमिी नै आदि हौ तिमीभन्दा पहिला केही पनि छैन, र तिमी नै अन्त्य हौ तिमी पश्चात केही छैन, र तिमी नै जाहेर (सर्वोच्च) हौ तिमीमाथि केही पनि

छैन, र तिमी नै गोप्य हौ तिमीभन्दा गुप्त केही छैन, यसर्थ मेरो श्रृणलाई चुक्ता गरिदेऊ र मलाई निर्धनताबाट मुक्ति प्रदान गर ।

(9) हे अल्लाह मेरो जीउलाई त्यसबाट अभीष्ट संयम र सदाचारिता प्रदान गर, र त्यसलाई पवित्र गरिदेऊ किनकि तिमीभन्दा राम्रो पवित्र गर्नेवाला कोही पनि छैन, तिमी नै त्यसको पक्षधर र स्वामी हौ, हे अल्लाह म तिम्रो शरण चाहन्छु असमर्थता र सुस्ती गर्नुबाट, र तिम्रो शरण चाहन्छु कायरता र जीर्ण वृद्धावस्था र कञ्जूसीबाट, र तिम्रो शरण चाहन्छु चिहानका यातनाहरूबाट ।

(10) हे अल्लाह म तिमीलाई नतमस्तक भऐं, र तिमीमाथि विश्वास गरें, र तमीमाथि भरोसा गरें, र तिमीतिर प्रवृत्त भऐं, र तिमीलाई आफ्ना झगडाहरूमा न्यायकर्ता मानें, म तिम्रो मर्यादा र सम्मानको शरण चाहन्छु कि तिमी मलाई दिग्भ्रमित गरिदेऊ, तिमी बाहेक कोही सत्य पूजनीय छैन, तिमी त्यो अविनाशी हौ जसलाई मृत्यु आउने छैन जबकि समस्त मानव दानव मर्नेवाला छन् ।

(**11**) हे अल्लाह म तिम्रो शरण चाहन्छु यस्तो ज्ञानबाट जुन लाभदायक नहोस्, र यस्तो हृदयबाट जुन तिमीसित त्रसित नहोस्, र यस्तो जीउबाट जुन सन्तुष्ट नहोस्, र यस्तो याचनाबाट जुन स्वीकार्य नहोस् ।

(**12**) हे अल्लाह म तिमीसित ती समस्त भलाईको याचना गर्दछु जुन शीघ्र मिल्नेवाला छन् वा केही समय अन्तराल पश्चात, र जसको मलाई ज्ञान छ वा जसको मलाई ज्ञान छैन, र तिम्रो शरण चाहन्छु ती समस्त बुराईबाट जुन शीघ्रतम घटित हुनेवाला छन् वा केही अन्तराल पश्चात, र जसको मलाई ज्ञान छ र जसको मलाई कुनै ज्ञान छैन, र तिमीसित ती समस्त भलाईका कुराहरूको याचना गर्दछु जस जसको याचना तिम्रो भक्त र नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले गरेका छन्, र ती समस्त बुराईबाट तिम्रो शरण चाहन्छु जसबाट तिम्रो शरण तिम्रो भक्त र सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले चाहेका छन् ।

**(13)** हे अल्लाह म तिमीसित स्वर्गको याचना गर्दछु र ती समस्त कुरा कार्यहरूको जुन मलाई त्यससित निकटता प्रदान गरोस्, र म तिम्रो शरण चाहन्छु नर्कबाट र ती समस्त कुरा कार्यहरूबाट जुन मलाई त्यससित निकट गरिदिन्छ, र मेरो तिमीसित यो विन्ती छ कि जे पनि तिमीले मेरो लागि निर्धारित गरेका छौ ती समस्तलाई मेरो लागि लाभदायक बनाइदेऊ ।

**(14)** त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ त्यसको कोही साझीदार छैन, त्यसैको लागि सत्ता छ र त्यसैको लागि समस्त प्रशंसाहरू छन्, र त्यो नै जीवन मृत्यु प्रदान गर्छ, त्यसैको हातमा समस्त भलाई छ, र त्यो समस्त कुराहरूमाथि शक्ति सम्पन्न छ, अल्लाह पवित्र छ, र समस्त प्रशंसा त्यसैको लागि योग्य छन्, र त्यस बाहेक कोही सत्य पूजनीय छैन, र त्यस महान र सर्वोच्च अल्लाह बाहेक कुनै शक्ति भलाईको अवसर प्रदान गर्नेवाला र बुराईबाट रोक्नेवाला छैन ।

अनुवादक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी मो. न. ००९६६५०१३७२२५४

IslamHouse.com

# सन्दर्भ सामग्रीहरू

- पवित्र कुरआन ।

- फतावाल् लज्नतुद्दाइमा लिल्बुहूसिल् इल्मीया वल्इफ्ता, संग्राहक: अहमद बिन अब्दुर्रज्जाक अद्दवैश, प्रकाशक: दारुल् मुअईद प्रकाशक र वितरक केन्द्र रियाद ।

- अत्तहकीक वल् ईजाह लेकसीरिम् मिन मसाइलिल् हज्जे वल्उमरते वज्जियारह अला जौइल् किताबि वस्सुन्नह, लेखक: अब्दुल अजीज बिन बाज रहेमहुल्लाह, प्रकाशक: वजारतुश्शुऊनुल् इस्लामीयति वद्दअवति वल् इर्शाद, रियाद ।

- फिकहुल् इबादात, लेखक: मुहम्मद बिन सालेह अल् उसैमीन रहेमहुल्लाह, प्रकाशक: मदारुल वतन प्रकाशन केन्द्र, रियाद ।

- मिन् अख्ताइल् हुज्जाजि वल् मुअ्तमेरीना वज्जुवार, लेखक: सालेह अबू अराद अश्शहरी, प्रकाशक: दारुत्तरफैन ।

हामी अल्लाहसित याचना गर्दछौं कि अल्लाह तपाईहरूका सत्कर्महरूलाई स्वीकार गरोस्, र तिमीहरूको हज्जलाई स्वीकृत हज्ज बनाओस् र तपाईहरूका प्रयासहरूलाई कबूल गरोस् ।

र हामी तपाईहरूका अनुरोध आदेश र सुझाव सल्लाह र प्रश्नहरूलाई निम्नका सम्पर्क माध्यमहरूद्वारा स्वागत गर्नेछौं :

| | |
|---|---|
| वाटस एप | +966 53 4444 675 |
| ट्वीटर | @HajjMaps |
| फेसबुक | /HajjMaps |
| वेबसाइट | www.HajjMaps.com |
| इमेल | info@HajjMaps.com |